## मिति २०७८।०१।१२ गते बसेको ७८ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरु:

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको संगठन विकास अध्ययन तथा सर्वेक्षण ( ONM) को विषयमा प्रारम्भिक छलफल गरियो।

**निर्णय नं. २** कोरोना भाइरस (COVID-19) को जोखिमलाई न्यूनिकरण गर्न गैंडाकोट नगरपालिकाले यस नगर क्षेत्रभित्र अनावश्यक भीडभाड नगर्न, अत्यावश्यक काम बाहेक अन्य अवस्थामा घर बाहिर ननिस्कने स्थितिलाई गम्भीर रुपमा लिई संक्रमण फैलिन नदिन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरिदिनुहुन साथै नेपाल सरकारले तोकेको स्वास्थ्यसंग सम्बन्धित मापदण्ड पालना गर्न सबैमा हार्दिक अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकाको बिपद् व्यवस्थापन कोषलाई व्यवस्थित गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** राजश्व परामर्श समितिबाट निर्णय भई पेश भएका देहाय बमोजिमका निर्णयहरुलाई स्वीकृत गर्ने निर्णय गरियो।

१. कुनै पनि व्यवसायको व्यवसाय रहने स्थान एक वडा मात्रै नभइ नगरक्षेत्र भित्र जुनसुकै स्थान हुन सक्ने अवस्थामा त्यस्तो व्यवसाय नगरकार्यपालिकामा राजश्व शाखाले दर्ता तथा नविकरण गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकालाई सिफारिस गर्ने।
२. गैडाकोट नगरपालिका वडा नं. १४ को भावर क्षेत्रवाट ढुङ्गा माटो निकासी तथा राजश्व संकलन गर्ने र उक्त कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्न गठित समितिलाइ हालसम्मको आयव्ययको विवरण पेश गर्न लगाउन नगर कार्यपालिकालाई सिफारिस गर्ने साथै उक्त निकासी करको दररेट समसामयिक तथा प्रदेश र संघीय कानुन संग नवाझिने गरि निर्धारण गर्न नगर कार्यापालिकालाई सिफारिस गर्ने।
३. वडा नं १०-१३ मा पर्ने नदिजन्य पदार्थको संरक्षण सम्बर्द्धन तथा त्यसको दिगो उपयोग गरी राजश्व अभिवृद्धि गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्ने।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाका देहाय बमोजिमका योजना/ कार्यक्रमहरुमा निम्नानुसार आर्थिक सहयोग/ बजेट बाँडफाँड गर्ने निर्णय गरियो।

१. वडा नं. ११ को कुमारवर्ती टोल विकास संस्थाको साइड वाल तथा नाला निर्माणका लागि रु.२ लाख
२. वडा नं. ११ को थरटाडी टोल विकास संस्थाको साइड वाल तथा नाला निर्माणका लागि नगरबाट स्विकृत सडक मापदण्ड कार्यान्विय भएपछि दिने गरी रु.५ लाख
३. वडा नं. २ को हरिकृतन महिला विकास समूहको पर्खाल/ भौतिक निर्माणका लागि रु.२ लाख
४. वडा नं. ५ को एकता टोल विकास संस्थाका लागि रु.२ लाख
५. वडा नं. ४ को सहयोगी महिला समूहका लागि रु.२ लाख
६. वडा नं. १५ को सत्तल निर्माणका लागि रु.२ लाख
७. वडा नं. ११ को ओमशान्तीका लागि रु.२ लाख
८. वडा नं. १ को सद्भाव मार्गका लागि रु.१.५लाख
९. वडा नं. १४ को सडक बोर्ड नेपालको सहकार्यमा निर्माणधिन सडकको लागि रु.७ लाख
१०.वडा नं. १४ को महिला समूहका लागि रु.१ लाख
११.वडा नं. ६ को महादेव मन्दिर लागि तारबार निर्माण रु. १लाख

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका र अन्तर्गत हालसम्म कार्यरत ज्यालादारीमा कामकाज गर्दै आएका देहायका कर्मचारीहरुको सेवा निरन्तरता आवश्यक देखिएकाले करार सेवामा सम्झौता गरी अन्य समानस्तरका कर्मचारीले पाए सरहको चाडपर्व खर्च र पोषाक वापतको रकम उपलब्ध गराउने साथै अन्य कार्यालय सहयोगीहरुको समानस्तरका कर्मचारीले पाए सरहको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः-

| क्र.स. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | कल्पना अधिकारी | कार्यालय सहयोगी | राजश्व/ म्याद थप समान स्केल |
| २ | तारा थापा | कार्यालय सहयोगी | वडा नं. १६ नयाँ सम्झौता समान स्केल |
| ३ | तारामाया पुलामी | कार्यालय सहयोगी | वडा नं. ४ र ७ नयाँ सम्झौता समान स्केल |
| ४ | भगवती अधिकारी | कार्यालय सहयोगी | वडा नं. २ नयाँ सम्झौता समान स्केल |
| ५ | हिरा थनेत | कार्यालय सहयोगी | वडा नं. १२ र १३ नयाँ सम्झौता समान स्केल |
| ६ | टोलमाया थापा | कार्यालय सहयोगी | वडा नं. १८ नयाँ सम्झौता समान स्केल |
| ७ | गीता पन्त | कार्यालय सहयोगी | वडा नं. १५ नयाँ सम्झौता समान स्केल |
| ८ | विष्णु प्रसाद पाण्डे | कार्यालय सहयोगी | म्याद थप समान तलबस्केल/ नगरपालिका |
| ९ | सुजाता क्षेत्री | कार्यालय सहयोगी | म्याद थप वडा नं. ८ र ९ समान स्केल |
| १० | सूर्य गुरुङ | हलुका सवारी चालक | म्याद थप |
| ११ | राजु बराल | हलुका सवारी चालक | म्याद थप |
| १२ | टोप बहादुर थापा | कार्यालय सहयोगी | म्याद थप वडा नं. ५ र ६ |
| १३ | घननाथ गौडेल | कार्यालय सहयोगी | म्याद थप |
| १४ | महेन्द्र सापकोटा | कार्यालय सहयोगी | म्याद थप |
| १५ | प्रमिला पोख्रेल | कार्यालय सहयोगी | म्याद थप |
| १६ | जगन्नाथ पाध्या | कार्यालय सहयोगी | म्याद थप |
| १७ | कोपिला कंडेल | कार्यालय सहयोगी | म्याद थप |
| १८ | शिशिर कुमाल | सवारी चालक ट्याक्टर | म्याद थप |
| १९ | कुल प्रसाद पौडेल | ट्रिपर चालक | म्याद थप |
| २० | नन्दराम कंडेल | माली | म्याद थप समान स्केल |
| २१ | जमुना सापकोटा | कार्यालय सहयोगी | म्याद थप समान स्केल वडा नं १ |
| २२ | विष्णु बहादुर सिंजाली | कार्यालय सहयोगी | म्याद थप समान स्केल वडा नं ३ |
| २३ | विष्णु कडेल | औषधि कुटुवा/का.स. | म्याद थप समान स्केल |
| २४ | पूर्ण बहादुर थापा | ब्याक हु लोडर चालक | म्याद थप |
| २५ | सिता विष्ट खत्री | कार्यालय सहयोगी | म्याद थप वडा नं १६ र १७ समान स्केल |
| २६ | दिपशिखा राना | कार्यालय सहयोगी | म्याद थप समान स्केल |
| २७ | बल बहादुर गुरुङ | कार्यालय सहयोगी | म्याद थप समान स्केल |
| २८ | राधादेवि शर्मा | कार्यालय सहयोगी | म्याद थप समान स्केल |
| २९ | लालकुमार आले | कार्यालय सहयोगी | वडा नं. १४ नयाँ सम्झौता समान स्केल |

**निर्णय नं. ७** चालु आर्थिक बर्षको अवधिको हालसम्म गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र वडा समितिहरुका तर्फबाट गरिएका निर्णय तथा सम्पादित सम्पूर्ण कार्यहरुलाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिका वडा नं. ९ का ७ घरपरिवारहरु क्रमशः  जीवन दराई , विष्णु देवकोटा , उर्मिला भुसाल , शंकर रिजाल , रमेश दराई, होममाया रिजाल र सुमन दारई व्यक्तिहरुको घर धवाह ताल जाने बाटो निर्माण गर्दा  प्रभावित भएकाले उक्त व्यक्तिहरुको घर अगाडी नाला/ बाटो / भल नियन्त्रणको उचित  व्यवस्था मिलाईदिने निर्णय गरियो।

**निर्णय नं. ९** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको सरस्वती विद्यालय गैंडाकोट -५ को वालमा पलास्टर गर्ने र रंग लगाउने कामका लागि आवश्यक सामाग्रीको खरिदको लागि नगरपालिकाको आन्तरिक स्रोतबाट रु.७० हजार दिने निर्णय गरियो।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिका भित्र यसै आ.व.मा सञ्चालन गर्नुपर्ने ११ आधारभूत स्वास्थ्य केन्द्रहरु मध्ये ८ वटा सञ्चालनमा आईसकेका र बाँकी वडाहरु ८, ९ र १७ मा आवश्यक हे.अ. तथा अनमी पद ३/३ जना मध्ये हाल कोभिड-१९ को महामारीलाई समेत मध्यनजर राखी २ जना मौजुदा सि.अ.हे.व.हरुलाई पठाउने निर्णय भईसकेको र १ हे.अ. र ३ अनमी मिति २०७७/०९/६ र ७ गते  प्रकाशित नतिजाका बैकल्पिक उम्मेदवारहरु मध्येबाट सिफारिसको योग्यताक्रमका आधारमा कामकाज गर्न खटाई अत्यावश्यक सेवा सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं.१०** गैंडाकोट नगरपालिका र अन्तर्गत विभिन्न वडा समितिबाट निर्णय भई आए बमोजिमका आ.व.२०७७/०७८ सम्मका योजनाहरुलाई विभिन्न कारणले साविक योजना असान्दर्भिक भएका वा अन्य निकाय वा श्रोतबाट सम्बोधन भएका वा तत्काल नयाँ काम गर्न अत्यावश्यक भएका देहायका योजनाहरुलाई वडा समितिको सिफारिसमा संशोधन/ परिमार्जन गर्ने निर्णय गरियो।

| वार्ड नं | | साबिक | | रकमान्तरित | संसोधित/नयाँ | | हालको | कारण |
|---|---|---|---|---|---|---|---|---|
| | | योजना | रकम | रकम | योजनाहरु | रकम | बजेट | |
| ६ | १ | विद्यापिठ नमुना कृषि मार्ग ३४० मि कालोपत्रे बाटो | 1620000 | 250000 | सिचाई कृषि मार्ग ग्रावल साथै ढल पाइप र रगरोगन | 0 | 250000 | वार्डको सिफारिश |
| | | | | 470000 | भाग्योदय आधारभुत विधालय | 0 | 470000 | |
| | | | | 400000 | स्वावलम्बन कृषि मार्ग | 0 | 400000 | |
| | | | | 400000 | सिर्जनशिल विधालय | 0 | 400000 | |
| | | | | 100000 | भाग्योदय मार्ग बाटो ग्राबल | 0 | 100000 | |
| | | | | | | | | |
| १८ | १ | दमार हातिशाल हुदै बसेनी सम्म मोटरबाटो निर्माण | 400000 | 500000 | चण्डीभञ्ज्याङ देखि दमार सम्म जाने बाटो निर्माण | 0 | 500000 | वार्डको सिफारिश |
| | २ | भागर देखि हुर्चिल मटकुरी आहाले सम्म बाटो निर्माण | 200000 | | | | | |
| | ३ | दमार देखी रतनपुर सम्म बाटो निर्माण | 200000 | 600000 | पार्कमा शिवको मुर्ति स्थापना, मोज्याक टायल र पर्खाल लगाउने | 0 | 600000 | वार्डको सिफारिश |
| | ४ | वडा कार्यालय फुलबारी निर्माण | 150000 | | | | | |
| | ५ | श्री बालज्योति मा बि सरसफाइ र बगैचा निर्माण | 150000 | | | | | |

गैंडाकोट नगरपालिका